# सूर्यविनायक नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

कटुन्जे, भक्तपुर

बागमती प्रदेश, नेपाल


प.सं. :०७७/०७८

च.नं. : २६८२

मिति: २०७७।१२।२०

श्री वडा कार्यालय (सबै)

सूर्यविनायक नगरपालिका

कटुन्जे, भक्तपुर

विषयः सामाजिक सुरक्षा भत्ता लाभग्राहीको विवरण अद्यावधिक गर्ने ।

प्रस्तुत विषयमा राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको च.न. १८४२, मिति २०७७।१२।०६ को प्राप्त पत्रानुसार विभागको VERSP – MIS मार्फत सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको विवरण शुद्धीकरण गर्दा MIS मा प्रविष्टी भएका मध्ये केही लाभग्राहीको नाम दोहोरो परेको, केहीको समयमा नवीकरण नभएको र १०० वर्ष भन्दा बढी उमेर भएका लाभग्राहीको विवरण भएको देखिएको छ । सो बमोजिमको विवरण यसै पत्रसाथ संलग्न छ । उल्लेखित विवरण बमोजिम दोहोरो परेका लाभग्राहीको नाम एकिन गरि लगत कट्टा गर्ने र १०० वर्ष भन्दा माथिका लाभग्राहीको अवस्था एकिन गरी १५ दिन भित्र विवरण अद्यावधिक गर्न अनुरोध छ । अन्यथा विभागबाटै उक्त लाभग्राहीको लगत कट्टा हुने व्यहोरा मिति २०७७।१२।०६ को पत्रानुसार अनुरोध छ ।

.......................

(अनिरुद्र नेपाल)

निर्देशक


फोन नं.: ०१-६६१२१९३

website : www.suryabinayakmun.gov.np

नेपाल सरकार
# गृह मन्त्रालय
## राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग

टेलिफोन : ४२११५६१, ४२११९३८
४२००८९४, ४२००८९५
फ्याक्स : ४२०००१४
टोल फ्रि नं. १६६००१९६६६६

सिंहदरबार,
काठमाडौं, नेपाल

पत्र संख्या :-०७७/७८
प्राप्त पत्र संख्या र मिति :-
च.नं. :-१८४२

मिति : २०७७।१२।०६

विषयः सामाजिक सुरक्षा भत्ता लाभग्राहीको विवरण अद्यावधिक गर्ने ।

श्री ...सबै...,
नगरपालिका/गाउँपालिका,

प्रस्तुत विषयमा यस विभागबाट VERSP-MIS मार्फत सामाजिक सुरक्षा भत्ता प्रास गर्ने लाभग्राहीको विवरण शुद्धीकरण गर्दा तहाँ पालिकाबाट MIS मा प्रविष्टि भएका मध्ये केही लाभग्राहीको नाम दोहोरो परेको, केहीको समयमा नवीकरण नभएको र १०० वर्ष भन्दा बढी उमेर भएका लाभग्राहीको विवरण प्रविष्टी भएको देखिएको छ । सो बमोजिमको विवरण व्यक्तिगत घटना दर्ता सामाजिक सुरक्षा व्यवस्थापन सूचना प्रणालीको स्थानीय तहको प्रयोग कर्ता लगइन गरे पश्चात डाउनलोड गर्न सकिने व्यवस्था गरिएको छ । उल्लेखित विवरण बमोजिम दोहोरो परेका लाभग्राहीको नाम एकिन गरि लगत कट्टा गर्ने र १०० वर्ष भन्दा माथिका लाभग्राहीको अवस्था एकिन गरी १५ दिन भित्र विवरण अद्यावधिक गर्न अनुरोध छ । अन्यथा विभागबाटै उक्त लाभग्राहीको लगत कट्टा हुने व्यहोरा मिति २०७७।१२।०६ को निर्णयानुसार अनुरोध छ ।

(बिनीता भट्टराई)
निर्देशक